**दोगडाकेदार गाउँपालिका**

बैतडी, सुदूपश्चिम प्रदेश, नेपाल

# दोगडाकेदार गाउँपालिकाको राजपत्र

**दोगडाकेदार गाउँपालिकाबाट प्रकाशित**

**खण्डः ३   संख्याः २  सम्बत् २०७६ असार ३० गते**

## भाग-१

## दोगडाकेदार गाउँपालिका

## विनियोजन ऐन, २०७६

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम दोगडाकेदार  गाउँसभाले दोगडा केदार गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्नका लागि **विनियोजन ऐन, २०७६** स्वीकृत गरि सर्वसाधारणको जानकारिको लागी प्रकाशन गरिएको छ ।

# दोगडाकेदार गाउँपालिका

# विनियोजन ऐन, २०७६

गाउँसभाबाट स्वीकृत मिति : २०७६।०३।१४
परमाणिकरण मिति : २०७६।०३।१४

**प्रस्तावनाः** दोगडा केदार गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चितकोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकमविनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२)बमोजिम दोगडाकेदार  गाउँसभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः** **(१)**यस ऐनको नाम " दोगडाकेदार  गाउँपालिकाको विनियोजन ऐन, २०७४" रहेको छ ।

(२) यो ऐन तुरुन्तप्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७६/०७७को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकारः** (१)आर्थिकवर्ष २०७६।०७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगतशाखालेगर्ने सेवा र कार्यहरुकानिमित्त अनुसूची १ माउल्लिखितचालू खर्च, पूँजिगतखर्च र बित्तियव्यवस्थाको रकम समेत गरी जम्मा रकम रु.५५५५९३०००।- (अक्षेरुपी पचपन्न करोड पचपन्न लाख त्रियानब्बे हजार मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** **(१)** यस ऐनद्धारा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५/०७६ को निमित्त दोगडाकेदार गाउँपालिकोगाउँकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरिनेछ ।

(२)उपदफा (१) माजुनसुकै कुरा लेखिएको भएतापनिकार्यपालिका, वडा समिति र विषयगतशाखाले गर्ने सेवा र कार्यहरुको निमित्तविनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमानबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथानिकासा र खर्च जनाउन सकिनेछ । पूँजिगतखर्च र वित्तीयव्यवस्थातर्फ विनियोजित रकम साँवाभुक्तानीखर्च र व्याजभुक्तानीखर्च शीर्षकमाबाहेक

अन्यचालू खर्च शीर्षकतर्फ सार्न र बित्तीयव्यवस्थाअन्तर्गत साँवाभुक्तानीखर्चतर्फ बिनियोजित रकमब्याजभुक्तानीखर्च शीर्षकमाबाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथापूँजिगतखर्च र वित्तीयव्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३)उपदफा (२) माजुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५प्रतिशतभन्दाबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१

(दफा२ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चितकोषबाट विनियोजन हुने रकम

| आ.व. २०७६/०७७रु. | | | |
|---|---|---|---|
| आय तर्फ | रकम रु | व्यय तर्फ | रकम रु |
| समाजिक सुरक्षा अनुदान अनुमान | ९००००००० | समाजिक सुरक्षा खर्च अनुमान | ९००००००० |
| आन्तरिक श्रोतको अनुमान | ८२२८००० | सशर्त तर्फ खर्च | १८७६००००० |
| चालु आ.व. मा बांकी रहने रकमको अनुमान | ० | जम्मा चलु खर्च | ४७७२७८९४ |
| संघ सस्था अनुदान अनुमान | | बहुक्षेत्रीय पोषण | १४६२००० |
| जनश्रदान | | संम्पुरक अनुदानको अनुमान | ३५०००००० |
| | | बिशेष अनुदानको अनुमान | ५००००००० |
| **संघीय सरकार बाट** | | सम्पुरक कोष | ४८३०३१०६ |
| ससर्त अनुदान | १८७६००००० | फर्निचर | ९८८०००० |
| बित्तिय समानिकरण अनुदान | ९५७००००० | मेसिनरी औजार | १०००००० |
| राजश्व बांडफांड | ७८८००००० | सवारी साधन | १००००००० |
| बहुक्षेत्रीय पोषण | १४६२००० | पुजीगत अनुसन्धान तथा परामर्श | १५००००० |
| संम्पुरक अनुदानको अनुमान | २००००००० | स्काभेटर मर्मत सम्भार खर्च रु. | २०१२००० |
| बिशेष अनुदानको अनुमान | ३००००००० | विकास बजेट रु | ८००००००० |
| **प्रदेश सकार बाट** | | | |
| बित्तिय समानिकरण अनुदान | ६८६८००० | | |
| सवारी साधन कर बांडफांड | १९३५००० | | |

| | | | |
|---|---|---|---|
| संम्पुरक अनुदानको अनुमान | १५०००००० | | |
| बिशेष अनुदानको अनुमान | २०००००००० | | |
| संघ सस्था अनुदान अनुमान | | | |
| | **५५५५९३०००** | | **५५५५९३०००** |

आज्ञाले,

नाम :- शेर सिंश बिष्ट

नि. प्रमुख प्रशासकीय अधिकृत